**मिति २०७५ असाढ १ गते बसेको कार्यपालिका बैठकमा पेश भएका एजेण्डाहरु**

१. आ.व. ०७५/७६ को नीति तथा कार्यक्रम सम्बन्धमा ।
२. कर शुल्क उठाउने सम्बन्धी ठेक्का बन्दोबस्ती सम्बन्धमा ।
३. वडा कार्यालयको विल्डिङ्ग डिजाइन परामर्श सेवाबाट गर्ने सम्बन्धमा ।
४. राजश्वको सफ्टवेयर सम्बन्धमा ।
५. सैनिक आवासिय महाविद्यालयको शैक्षिक सत्र २०७५ का लागी कक्षा थप सम्बन्धमा ।
६. एम्बुलेन्स संचालन कार्यविधी सम्बन्धमा ।

**निर्णय नं. १ :**

आगामी आ.व. ०७५/७६ का लागि गोदावरी नगरपालिकाको देहायको नीति, कार्यनीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो । साथै सोही नीति, कार्यनीति तथा कार्यक्रमका आधारमा नगरपालिकालाई प्राप्त हुने समानीकरण अनुदान, राजश्व बाँडफाड, प्रदेश सरकारको तर्फबाट प्राप्त हुने अनुदान, शसर्त अनुदान र अन्य स्रोत समेत गरि करीब रु. ८२ करोड बराबरको बजेट तथा कार्यक्रम बनाई नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम**

**सभाका सभाध्यक्षज्यू,**

१. नेपालको संविधान २०७२ जारी भएपछि वि.सं. २०७४ सालमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई स्थानीय तहको सरकारको रुपमा जिम्मेबारी सम्हालेको एक वर्ष पुरा गरी दोश्रो वर्षमा प्रवेश गर्ने संघारमा छौ । नेपालको संविधानको भाग १३ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपालिका र नगरपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्ष २०७५/०७६ को नगरपालिको वजेट तथा कार्यक्रम समेतलाई दिशानिर्देश गर्न गोदावरी नगरपालिकाको नीति तथा कार्यक्रम यस गरिमामय नगरसभा समक्ष पेश गर्न पाउँदा गौरवको अनुभुति गरेकोछु ।

२. नेपाली जनताको पटक पटकको संघर्ष र विभिन्न आन्दोलनबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै घाइते, अपाङ्ग, वेपत्ता नागरिकप्रति उच्च सम्मान र आदर प्रकट गर्दछु ।

३. हालै सम्पन्न तीनै तहको निर्वाचनबाट राजनीतिक स्थायीत्व कायम भई मुलुक अब आर्थिक समृद्धि र विकासको दिशामा अगाडी बढेको छ । यस अवसरको सदुपयोग गर्दै हाम्रो नगरपालिकामा रहेका कृषि, बन, धार्मिक तथा पर्यटकीय सम्भावना, प्राकृतिक श्रोत साधन र जनशक्तिलाई उचित परिचालन एवं व्यवस्थापन गरि नगरको समृद्धि र विकासको ढोका खोलिने छ भन्नेमा म विश्वस्त छु ।

४. चालु आर्थिक वर्ष २०७४/०७५ का लागि प्रथम नगरसभाबाट स्वीकृत नीति, योजना र वजेट हाल कार्यान्वयनको चरणमा रहेको छ । निर्वाचित जनप्रतिनिधीको रुपमा पदमा वहाल हुनासाथ हतार हतारमा तयार गरी पेश गरिएको नीति, योजना र वजेट कार्यान्वयनको हालसम्मको अवस्थाको मूल्याङ्कन र समिक्षा गर्दा उपलब्धीहरु सन्तोषजनक नै देखिन्छ । प्रथम नगरसभाबाट पारित नीति, योजना र वजेट कार्यान्वयनको अनुभब र सिकाईबाट नगरको दीगो र सन्तुलित विकासका लागि ठोस र योजनाबद्ध रुपमा अगाडी वढ्ने पृष्ठपोषण र प्रेरणा मिलेको छ ।

५. आ.व. ०७५/०७६ का लागि नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रमलाई समेत मध्यनजर गर्दै संघीय सरकारबाट प्राप्त वजेट सिलिङ्ग र मार्गदर्शन, प्रदेश सरकारको नीति, योजना र कार्यक्रम, संविधानको अनुसुची-७ (संघ र प्रदेशको साझा अधिकारको सुची), अनुसुची-८ (स्थानीय तहको अधिकारको सुची) र स्थानीय सरकार संचालन ऐन, २०७४ लाई ध्यानमा राखिएको छ । यसैगरी, नेपालले प्रतिवद्धता गरेको सन् २०३० सम्म पुरा गर्नुपर्ने दिगो विकासको लक्ष, सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्र बनाउने लक्ष, चौधौ आवधिक योजना र अन्तर्राष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेको विषयगत क्षेत्रका प्रतिबद्धताका अनुरुप नतिजा प्राप्तीमा सहयोग पुर्‍याउने गरी कार्यगर्न यस नगरपालिका प्रतिबद्ध रहने छ ।

६. ७ नं. प्रदेशको राजधानीको रुपमा प्रस्तावित यस नगरपालिकाको अत्तरिया बजार क्षेत्रलाई स्मार्ट शहरको रुपमा विकास गर्न सोही खालका भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ । साथै यस नगरपालिकालाई आर्थिक विकासको केन्द्रको रुपमा समेत विकास गर्न रोजगारी सिर्जना गर्ने खालका साना तथा लघु उद्यम, व्यावसायिक कृषि, पर्यटन पूर्वाधार विकासमा जोड दिइनेछ ।

७. विकासमा जनताको सहभागीता, अपनत्व र स्वामित्व कायम हुनेगरी आर्थिक विकास र गरिवी निवारणमा योगदान पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने खालका योजनाहरु कार्यान्वयनमा जोड दिइनेछ । साथै लगानीमैत्री बातावरण सिर्जना गरी सार्वजनिक नीजि साझेदारी अवधारणालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

सभाध्यक्ष ज्यू,

८. नगरपालिकाले लिएका नीतिहरुको प्रभावकारी कार्यान्वयन, नगरपालिकाको सम्पतीको सुरक्षा र संरक्षण लगायतका कार्यका लागि नगरप्रहरी सेवा गठन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

९. नगरपालिकाको आन्तरिक श्रोत परिचालनलाई दीगो र प्रभावकारी बनाउन, स्रोत साधन परिचालनमा आत्मनिर्भर बनाउदै लैजान करको दायरा बढाइनुका साथै करका दरहरुलाई समसायिक र बैज्ञानिक बनाइनेछ । राजश्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, संसोधन, परिमार्जन लगायत राजश्व प्रशासन सुधारका लागि विज्ञहरुको परामर्श सेवा लिइनेछ ।

१०. ऐलानी प्रति जग्गाको लगत लिई अभिलेखीकरण गरिनेछ । साथै त्यस्ता सरकारी जमीनलाई कानुनको दायरामा ल्याउन पहल गरिनेछ । सरकारी जमीनमा बनेका घर टहराहरुलाई स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम बहाल विटौरी करको दायरामा ल्याइनेछ । हाल नगरपालिका कार्यालय अगाडीको बनक्षेत्रको जग्गाको भोगाधिकार लिई त्यसमा व्यावसायिक प्रयोजनका लागि घर, टहरा निर्माणमा पहल गरिनेछ ।

११. नगरपालिका भित्र रहेका सहकारी संस्थाहरुको नियमन र प्रभावकारीताका लागि सहकारी सम्बन्धी ऐन, नियम, नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । सहकारी संस्थाहरुमा रहेको शेयर सदस्यको पूजीलाई सदुपयोग गरी सदस्यहरुको आर्थिक, सामाजिक विकासमा योगदान दिने खालका कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिनेछ ।

१२. नगरपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई चुस्त, दुरुस्त बनाउन संस्थागत सुधार गरिनेछ । सेवा प्रवाहको अवस्था र कार्यबोझका आधारमा संगठन तथा व्यवस्थापन सर्बेक्षण गरि दक्ष जनशक्तिको व्यवस्था मिलाइनेछ । निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासमा जोड दिइनेछ । कर्मचारीको कार्यसम्पादनको आधारमा दण्ड र पुरस्कृत गरिनेछ ।  वडा कार्यालय तथा नगरपालिका कार्यालय भवन निर्माण गरी आफ्नै भवनबाट सहज र सरल सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

१३. जनताप्रति जबाफदेही र उत्तरदायि सेवा प्रवाहका लागि भ्रष्टाचार विरुद्ध सून्य सहनशीलताको नीति लिइनेछ । नगरपालिकाको काम कारबाहीलाई सरल, सहज, सुविधायुक्त र सेवाग्राहीमैत्री बनाई सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी र सुशासनयुक्त बनाइनेछ । सेवा प्रवाहमा सुचना र प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

१४. नगरपालिकाले लिएका नीति, योजना, वजेट तथा कार्यक्रम र तिनको कार्यान्वयनको अवस्थाको बारेमा जनताले प्रत्यक्ष तथा परोक्ष रुपमा जानकारी पाउने र सुसुचित हुने गरी प्रवन्ध मिलाइनेछ ।

१५. नगरपालिका क्षेत्र भित्रका सम्भाव्य प्राकृतिक श्रोत र साधन, धार्मिक, पर्यटकीय स्थलको पहिचान गरि त्यसको अभिलेख राखिनेछ । बातावरणीय प्रभाव परिक्षण गरेरमात्र प्राकृतिक श्रोत साधनको उत्खनन र उपयोग गरिनेछ । साथै  विकास आयोजना तथा परियोजनाहरुको छनौट गर्दा उपलब्ध प्राकृतिक श्रोत साधनको दिगो उपयोग र बातावरणीय पक्षलाई ध्यानमा राखिनेछ ।

१६. विकास आयोजनाहरुको गुणस्तरीयता र दिगोपनाका लागि निश्चित सुचक र मापदण्ड तयार गरी अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ । निर्माण सम्पन्न सबै प्रकारका भौतिक पूर्वाधारहरुको इन्भेन्टरी तयार गरी मर्मत सम्भार कार्यलाई प्राथमिकतामा राखिनेछ ।

१७. सुरक्षित बसोबास र व्यवस्थित शहर निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा मापदण्ड, २०७२ को पुर्ण पालना गरिनेछ । सडक यातायात गुरुयोजनालाई अद्यावधिक गरी सोही आधारमा सडकको स्तरोन्नती र सुधार गर्दै लगिनेछ । घरनक्सा पास सम्बन्धी कार्यलाई थप व्यवस्थित र सहज बनाउन भवन निर्माण तथा नक्सापास सम्बन्धी कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१८. नगर शिक्षा ऐन तथा नियमावली तर्जुमा गरी आधारभुत र माध्यामिक शिक्षालाई नियमन गरिनेछ । शिक्षाको गुणस्तर सुधारका लागि शिक्षा ऐन तथा नियमको प्रभावकारी कार्यान्वयन गरिनेछ । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका गरिव र जेहन्दार बालबालिकाहरु र फरक क्षमताका बालबालिकाको शिक्षाका लागि विशेष छात्रबृतिको व्यवस्था गरिनेछ ।

१९. बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागीता जस्ता बालअधिकारका विषयमा कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ ।

२०. प्राविधिक एवं व्यवसायिक शिक्षाको माध्यमबाट युवाहरुलाई स्वदेशमै रोजगारको अवसर सिर्जना गर्न पहल गरिनेछ ।

२१. युवा तथा खेलकुद लक्षित कार्यक्रमहरु संचालन गरी युवाहरुलाई समाज विकासको काममा परिचालन गरिनेछ । साथै खेलकुद पूर्वाधार विकासमा जोड दिइनेछ ।

२२. स्थानीय भाषा, साहित्य, संस्कृति, कलाको संरक्षण र विकासका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।

२३. आधारभुत स्वास्थ्य सेवामा पहुँच र सुनिश्चितताका लागि नगरभित्रका सरकारी स्वास्थ्य संस्थाहरुले दिदै आएको सेवालाई थप प्रभावकारी बनाइ सेवाको गुणस्तरीयतामा जोड दिइनेछ । गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य जाँचलाई अनिवार्य गरिनेछ । मालाखेती अस्पताललाई गोदावरी नगर अस्पतालको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ । एक वडा एक सरकारी स्वास्थ्य संस्थाको नीति लिइनेछ । स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका जनताका लागि विशेषज्ञ डाक्टर सहितको घुम्तीसेवा मार्फत सेवा दिइनुका साथै स्वास्थ्य शिक्षा, पोषण सम्बन्धी चेतनामुलक र प्रबर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ । निश्चित सुचक र मापदण्ड बनाई निजी अस्पताल, क्लिनिकहरुको नियमन गरिनेछ ।

२४. सामाजिक स्वास्थ्य विमा कार्यक्रममा सबै घरपरिवारलाई समेटन पहल गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ ।

२५. नगर क्षेत्रभित्रबाट निस्कने फोहरमैलाको संकलन, पुन उपयोग, प्रशोधन र विसर्जनका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार काम अगाडी बढाइनेछ । फोहरमैला व्यवस्थापनका लागि व्यवस्थित फोहरमैला व्यवस्थापन केन्द्र निर्माणको कामलाई अगाडी बढाइनेछ । फोहरमैला व्यवस्थापन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन फोहरमैला सेवा सुल्क निर्धारण गरी असुल गरिनेछ ।

२६. अव्यवस्थित र सडक अतिक्रमण गरी बसेका घर, टहरा, छाप्राहरु हटाई शहरलाई व्यवस्थित, बातावरणमैत्री र हरित शहरको रुपमा विकास गरिनेछ । अत्तरिया बसपार्कको जग्गाको भोगाधिकार लिई क्षेत्रिय बसपार्कको रुपमा विकास गर्नेगरी विस्तृत परियोजना प्रतिवेदन (DPR) पूर्वाधार विकास गर्दै लगिनेछ । स्थानीय व्यापार प्रबर्द्धन, हाटवजार व्यवस्थापन लगायतका कार्यमा स्थानीय उद्योग बाणिज्यसंघ लगायतका संस्थासंग सहकार्य गरिनेछ ।

२७. उपभोक्ता अधिकार र हितको संरक्षणका लागि उपलब्ध खाद्य तथा अन्य बस्तु र सेवाको गुणस्तरीयताको सुनिश्चित गर्न वजार अनुगमन सम्बन्धी नीति तथा मापदण्ड बनाई वजारको अनुगमन र नियमन गरिनेछ । साथै उत्पादक तथा कृषकको हितलाई ध्यानमा राखी कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य निर्धारण गरिनेछ ।

२८. दिगो विकासको मुख्य आधार स्वच्छ खानेपानी र सरसफाईयुक्त व्यवहार भन्ने नारालाई सार्थक तुल्याउने गरी नगरपालिका भित्रका टोलबस्तीहरुमा स्वच्छ खानेपानी व्यवस्थापन गर्न नगरपालिका, प्रदेश सरकारको श्रोतलाई अधिकतम परिचालन गरिनेछ । पूर्ण सरसफाईको अभियानलाई सफल पार्न स्थानीय गैरसरकारी संस्था तथा सामाजिक संस्थाहरुसंग आपसी सहकार्य गरिनेछ ।

२९. नगरपालिकाको उपलब्ध श्रोत र साधनले कार्यान्वयन गर्न नसकिने वडाबाट शिफारिश भएका ठुला योजना, विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका योजनाहरु निर्माणका लागि विशेष अनुदान, समपुरक अनुदान परिचालन गरी सम्पन्न गर्न जोड दिइनेछ ।

सभाध्यक्ष ज्यू,

३०. कृषि पेशालाई व्यवसायिक र आधुनिकीकरण गर्न कृषि पुर्वाधार विकास, कृषकहरुको क्षमता विकास गर्दै युवा रोजगारी सिर्जना गर्न र गरिवी निवारणमा योगदान पुग्ने गरी समावेशी आर्थिक विकासका लागि नगरपालिकाको श्रोत तथा बाह्य लगानी प्रेरित गरिनेछ । अत्तरिया कृषि वजारको व्यवस्थापनको जिम्मा लिई थप पूर्वाधार विकास गरिनेछ । कृषि र पशुपालनको लागि पकेट क्षेत्र निर्धारण गरी साझेदारी कार्यक्रम संचालन गरिनेछ । साथै कृषक परिचयपत्र वितरण गरी अभिलेखलाई व्यवस्थित गरिनेछ । पशु तथा बाली विमाका लागि कृषहरुलाई प्ररित गरी जोखिम न्यूनिकरणमा जोड दिइनेछ । स्वस्थकर मासुका लागि मासु जाँच र पशुबधशाला निर्माणका लागि पहल गरिनेछ ।

३१. सीमान्तकृत, बञ्चितिकरणमा परेका, फरक क्षमता भएका, ज्येष्ठ नागरिक, महिला, बालबालिका, एकल महिला, मजदुरहरुको आर्थिक सामाजिक विकास गर्दै सम्मानपूर्ण जीवनयापन गर्नपाउने बातावरण सिर्जना गरिनेछ । “आर्थिक समृद्धिका लागि महिला उद्यमशीलता” भन्ने नाराका साथ क्रियाकलापहरु संचालन गरिनेछ ।

३२. मुक्त कमैया, दलित, आदिबासी जनजाति, राना तथा चौधरी, HIV संक्रमित, विपन्न परिवारका सदस्यलाई रोजगार तथा अन्य आय आर्जनका कार्यक्रममा संलग्न गराई उनीहरुको आर्थिक विकासमा जोड दिइनेछ ।

३३. लैङ्गिक हिंसा, लैङ्गिक विभेद, छाउपडी, बोक्सी, छुवाछुत जस्ता कुरीति र कानुनले बर्जित गरेका कुप्रथाहरुको अन्त्य र मानव वेचविखन तथा ओसारपसारका विरुद्ध सामाजिक सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

३४. वेरोजगार महिला तथा युवाहरुलाई विभिन्न सीपमुलक तालिम मार्फत लघु उद्यमशिलताको विकास गरी स्वदेशमै स्वरोजगार र आयआर्जन गर्न सक्ने बातावरण सिर्जना गरिनेछ । दलित समुदायहरुले अपनाउदै आएको परम्परागत पेशा, सीप, व्यवसाय र कलालाई आधुनिकीकरण गर्न प्रेरित गरिनेछ ।

३५. भुउपयोग योजना सहितको दीर्घकालिन एकीकृत शहरी विकास गुरुयोजना तर्जुमा गरीनेछ । एकीकृत बस्ती विकास र गोदावरी नगरक्षेत्र भित्र एउटा औद्योगिक क्षेत्र निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

३६. नगरपालिका क्षेत्रभित्र रहेका धार्मिक, पर्यटकीय स्थल, तालतलैया र सीमसार क्षेत्रको विकासको लागि गुरुयोजना तयार गरी सोको आधारमा योजनाहरु कार्यान्वयन गरिनेछ । लामिताल क्षेत्रको जग्गाको भोगाधिकार लिई विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसारको पूर्वाधार विकासमा पहल गरिनेछ । आन्तरिक र बाह्य पर्यटन प्रबर्द्धनका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

३७. विपद् जोखिम न्यूनिकरण, जलबायु परिवर्तनको असर न्यूनिकरण तथा जैविक विविधता संरक्षणका लागि दीर्घकालिन योजना बनाई कार्यान्वयन गर्न पहल गरिनेछ । नदी नियन्त्रण गुरुयोजना बमोजिम प्राथमिकताका साथ नदी नियन्त्रणका कामलाई अगाडी बढाइनेछ । विपद् जोखिम न्यूनीकरणका लागि समुदायमा आधारित कार्यक्रम संचालन गरिनेछ ।

३८. सामुदायिक बनबाट सदस्यहरु र अन्य लाभग्राहीले बढी भन्दा बढी लाभ पाउने गरी साझेदारीमा कार्यक्रम संचालन गरिनेछ । साथै सामुदायिक बन भित्र जडीबुटी खेती, फलफुल खेती लगाई सदस्यहरुको आयआर्जनमा योगदान पुग्ने क्रियाकलाप संचालन गर्न प्रोत्साहन गरिनेछ । बन विनाश तथा अतिक्रमण रोकी बातावरण संरक्षणमा जोड दिइनेछ ।

३९. गैर सरकारी संस्था र सामाजिक संस्थाहरुको नियमनका लागि कार्यविधि बनाई कार्यान्वयन गरिनेछ । गैरसरकारी संस्थाहरुबाट संचालित क्रियाकलापको निश्चित सुचक र मापदण्ड बनाई कडाइका साथ अनुगमन गरिनेछ । संस्थाहरुको कार्यक्षमता र विज्ञताको आधारमा एकद्धार प्रणाली अपनाई साझेदारीमा क्रियाकलापहरु संचालन गर्न प्रोत्साहन गरिनेछ ।

४०. माथि उल्लिखित नीतिहरु र अन्य क्षेत्रगत विकास नीतिहरुको प्रभावकारी कार्यान्वयनमा सघाउ पुग्ने गरी नगरपालिकालाई प्राप्त समानीकरण अनुदान, राजश्व बाँडफाँडको रकम, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आन्तरिक श्रोतको रकमबाट नगरपालिकाको दीगो र सन्तुलित विकास हुनेगरी वजेट, योजना र कार्यक्रम सहितको आय-व्ययको अनुमान नगरसभा समक्ष पेश गरिनेछ ।

सभाका सभाध्यक्षज्यू,

गोदावरी नगरपालिकाको चालु आर्थिक वर्ष आ.व. २०७४/०७५ को वजेट तथा कार्यक्रम कार्यान्वयन एवं आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम तर्जुमामा सहयोग गर्नुहुने संघीय सरकार, प्रदेश सरकार, स्थानीय राजनीतिक दल, गोदावरी नगरपालिकाका निर्वाचित जनप्रतिनिधी, सम्पूर्ण नगरबासी, संचारकर्मी, निजीक्षेत्र, गैर सरकारी संस्था, कर्मचारी सबैमा हार्दिक आभार प्रकट गर्दछु । नगरपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा सम्बद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा राखेको छु ।

**निर्णय नं. २ :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ अनुसारका देहायका कर शुल्क उठाउन राजश्व परामर्श समितिबाट न्यूनतम कबोल अंक तोकी सिफारिस भएकोमा न्यूनतम अंकमा परिमार्जन सहित देहाय बमोजिम न्यूनतम ठेक्का अंक तोकी कर उठाउन ठेक्का बन्दोबस्तीका लागी सूचना आह्वान गर्ने निर्णय गरियो । साथै सो ठेक्काका लागी तपसिल बमोजिमको करका दरहरु स्वीकृत गर्ने निर्णय गरियो ।

| क.सं. | ठेक्काको नाम | राजश्व परामर्श समितिबाट शिफारिश भएको न्यूनतम रकम | नगर कार्यपालिका बैठकबाट स्वीकृत भएको न्यूनतम रकम |
|---|---|---|---|
| १ | बहाल विरौटी शुल्क | रु. १०,००,०००।- (दश लाख) | रु. १०,००,०००।- (दश लाख) |
| २ | पार्किङ शुल्क (अत्तरिया बस पार्क) | रु. ४५,००,०००।- (साठी लाख) | रु. ६०,००,०००।- (साठी लाख) |
| ३ | कवाडी कर | रु. ५,५०,०००।- (पाँच लाख पचास हजार) | रु. ५,५०,०००।- (पाँच लाख पचास हजार) |
| ४ | काष्ठ तथा गैह्रकाष्ठ बन पैदवार तथा जडीबुटी निकासी कर | रु. ३,००,०००।- (पाँच लाख) | रु. ५,००,०००।- (पाँच लाख) |
| ५ | जिवजन्तु तथा जिवजन्तुजन्य पदार्थ निकासी कर | रु. ५,००,०००।- (पाँच लाख) | रु. ५,००,०००।- (पाँच लाख) |
| ६ | विज्ञापन कर | आ.व. ०७५/७६ देखी आ.व. ०७७/७८ सम्म जम्मा ३ वर्षका लागी प्रत्येक आ.व.मा रु. ५ लाख, रु. ६ लाख र रु. ७ लाख । | आ.व. ०७५/७६ देखी आ.व. ०७७/७८ सम्म जम्मा ३ वर्षका लागी प्रत्येक आ.व.मा रु. ५ लाख, रु. ६ लाख र रु. ७ लाख । |

## तपसिल

**१. आ.व. ०७५/७६ का लागि बहाल बिटौरी शुल्कको दर निम्नानुसार रहेको छ :**

| क. | पटके ब्यवसायमा ( दैनिक ) रुपमा निम्नानुसारको शुल्क लिने | दर रु. |
|---|---|---|
| १। | प्रत्येक अस्थायी टहरा/फडबाट | रु.२०।– |
| २) | न.पा. ले तोकेको ठाउंमा तक्ता खाट आदि राखी ठाउं ओगटी ब्यवसाय गर्नेलाइ | रु.२०।– |
| ३। | तरकारी राखी ठाउं ओगटी ब्यवसाय गर्नेलाई | रु.२०।– |
| ४। | सब्जीमण्डीभित्र फलफूल तथा तरकारी राखी ठाउं ओगटी ब्यवसाय गर्नेलाई | रु.१०।– |
| ५। | ठेलागाडीबाट एक ठाँउबाट आर्को ठाउंमा सार्न सकिने फलफूलका ठेलाबाट | रु. ३०।- |
| ६। | तरकारीका ठेलावाट | रु.१५।– |
| ७। | इन्जनद्वारा फलफूलको रस र उखुको रस बेच्ने ब्यवसायवाट | रु.३०।– |
| ८। | हातले चलाउने मसिनबाट फलफूल,र उखुको रस बेच्ने ब्यवसाय चाट,वदाम विकि | रु.२०।- |
| ९। | डिप फ्रेजमा विशेष आइस्क्रीम राखी गरिने व्यबसाय गर्ने बाट | रु.३०।- |
| १०। | मेनरोडको छेउ छाउमा रेडिमेट कपडा राखी बिक्री व्यवसाय गर्ने | रु.३०।- |

**२. पार्किङ्ग शुल्क :** आ.व. ०७५/७६ का लागि पार्किङ्ग शुल्क संकलनको दर निम्नानुसार रहेको छ :

यस नगर क्षेत्रमा रहेको बसपार्कमा कुनै बस एक दिन होल्ड भएमा प्रत्येक बसबाट प्रति दिन रु.१५०।- का दरले तथा बसपार्कभित्र केही समयका लागि बसेमा लामो दुरीका गाडीहरुबाट रु.१००।- र छोटो दुरीका गाडीहरुबाट (दैनिक) रु.५०।- पार्किङ्ग शुल्क लिने ।

**३. कवाडी कर :** यस नगरक्षेत्र भित्र उत्पादन भै अन्य क्षेत्रमा निकासी हुने निम्नानुसारका मालवस्तुहरुमा **आ.व. ०७५/७६ मा** निम्न लिखित दरमा कवाडी कर लिने :

१) धातु का कवाडी सामानहरु : क) फलाम तथा फलामबाट बनेका पुनः प्रयोगमा आउने चिज बस्तु प्रति केजी. ५।-
ख)अन्य धातु : तामा, पित्तल, आल्मुनियम, आदीमा प्रति के.जी. रु.१०।-

२) गैह्र धातुजन्य कवाडी सामानहरु : खाली सिसी, खाली बोरा, तेलको टिन, पुराना कागत, सिसा, लिडको धुलो, आदी को प्रति केजी. रु.३।- पराल वा परालबाट बनेका पुराना सामान, आदी को प्रति केजी. रु.२।-

३) पुनः प्रयोग नहुने (सूची बमोजिमका) कवाडी सामानहरुको प्रति के.जी. रु.२।-

**४. काष्ठ तथा गैह्रकाष्ठ बन पैदावार तथा जडीबुटी निकासी कर :** यस नगरक्षेत्र भित्र उत्पादन भै अन्य क्षेत्रमा निकासी हुने निम्नानुसारका मालवस्तुहरुमा **आ.व. ०७५/७६ का लागि** निम्न लिखित दरमा काष्ठ तथा गैह्रकाष्ठ बन पैदावार तथा जडीबुटी निकासी कर लिने :

१) जडीवुटी – प्रचलित वन नियमावलीमा तोकिएका को (तर व्यवसायीक खेती र स्थानीय उद्योगमा अर्ध प्रशोधन हुने जडीवुटीमा आधा दर मात्र लाग्नेछ ) मूल्यको १०%

२) वनकस (खर) मलहन पत्ता, वावियो छ्वाली, पराल, वगास, निगालो लोक्ता पटेर, अम्लेसो प्रति ट्रक १००।-, प्रति टेक्टर रु. ५०।- प्रति गाडा रु. २५।-

३) वास प्रति गोटा रु. २।-

४) सिसौं, साल, चट्टा, गोलिया, चिरान प्रति ट्रक रु. ६००।-

५) अन्य काठ चट्टा, गोलिया, चिरान प्रति ट्रक रु. ४००।-

६) भट्टामा प्रयोग गर्ने माटो प्रति घ.मी.रु. -।७०

७) सुर्तिको डण्टल,कतरन, नसल प्रति के.जी. -।१०

८) सालको विया " " -।७५

९) सालको सिम्टा " " -।३५

**५. जिबजन्तु तथा जिबजन्तुजन्य पदार्थ निकासी कर :** यस नगरक्षेत्र भित्र उत्पादन भै अन्य क्षेत्रमा निकासी हुने निम्नानुसारका मालवस्तुहरुमा **आ.व. ०७५/७६ का लागि** निम्न लिखित दरमा जिबजन्तु तथा जिबजन्तुजन्य पदार्थ निकासी कर लिने :

१) ऊन, प्राकृतिक तथा कृतिम जगर प्रति के.जी. -।०५

२) प्रचलित कानून बमोजिम निषेधित जिबजन्तु वाहेकका अन्य मृत र मारिएका जिवजन्तुको हाड, सिङ्ग, प्वाख, छाला वा यस्तै अन्य प्रकृतिको वस्तुको व्यवसायीक कारोवार या निकासी

३) रांगा , भैसी प्रति गोटा रु.२००।–

४) बोका, बाखा, खसी तथा भेडा प्रति गोटा रु.५०। –

**६. आ.व.०७५/७६ देखी आ.व.०७७/७८ सम्मका लागि बिज्ञापन करको दर निम्नानुसार रहेको छ :**

| क्र.सं. | विवरण | दर रु. |
|---|---|---|
| १) | होडिङ्ग बोर्ड, नियोन साईन, बिद्युतिय बोर्ड, प्रतिबर्गफुट | ५०।०० |
| २) | ग्लो साईन, डिस्प्ले डि.पि.यस. बोर्डलाई प्रतिबर्ग फुट | ४०।०० |
| ३) | ब्यबसायीक दृष्टीले गाडी बाट माईकिंग गर्दा प्रतिदिन | १००।०० |
| ४) | ब्यबसायीक दृष्टीले रिक्सा या टेम्पो बाट माईकिंग गर्दा प्रतिदिन | ४०।०० |
| ५) | ब्यानर प्रतिगोटा | ४०।०० |
| ६) | भित्ते लेखन प्रति वर्गफिट | २०।०० |
| ७) | मादक पदार्थ एबं धुम्रपानको बिज्ञापन मा थप **२५%** प्रतिशत लिईने | |
| * | **नेपाल सरकारबाट निषेध गरिएका बिज्ञापन राख्न दिन पाईने छैन ।** | |
| * | **राजनैतिक, धार्मिक वा सामाजिक ब्यानर ७ दिनसम्म निशुल्क राख्न दिने ।** | |
| * | **नेपाल सरकारको वा जनचेतनामूलक माईकिङमा बिज्ञापन कर लाग्ने छैन ।** | |
| * | **विज्ञापन राख्ने स्थानका लागि न.पा.कार्यालयबाट पूर्व स्वीकृती लिनुपर्ने ।** | |

वर्तमान कर, शुल्क तथा दस्तुरका दरमा संघीय सरकार तथा ७ नं. प्रदेश सरकारको नीति तथा निर्णय बमोजिम कुनै संशोधन वा परिवर्तन भएमा/गर्नुपरेमा सोही बमोजिम हुनेछ ।

**निर्णय नं. ३ :**

गोदावरी नगरपालिकाको बडा नं. ९ मा बडा कार्यालयको भवन निर्माणका लागि बडा नं. ९ को सेहरीमा सहकारी संस्थाले भोग चलन गर्दै आएको सार्वजनिक जग्गा दिने सहमती गरेकोले सो स्थानमा वडा कार्यालयको भवन निर्माण गर्नुपर्ने र बडा नं. ५ र ११ को बडा कार्यालयको नाममा भोग चलनमा रहेको जग्गामा व्यापारिक प्रयोजनको लागि संरचना तयार गरी नगरपालिकाको आन्तरिक आय श्रोत बढाउन सकिने सम्भावना भएकोले सोको लागि  Drawing, Designee, Estimate लगायत कार्य गर्न नगरपालिकाको प्राविधिक जनशक्तिले नभ्याउने भएकोले परामर्श सेवा मार्फत Drawing, Designee, Estimate  को काम तत्काल अगाडी बढाउने निर्णय गरियो । साथै बाकी रहेका वडाका कार्यालयहरुका भवन निर्माणको कार्यलाई क्रमिक रुपमा निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

गोदावरी नगरपालिकामा रहेको राजश्वको सफ्टवेयर समय अनुकुल परिमार्जन गरि राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन र नगर कार्यपालिकाको कार्यालयबाट हुने गरेको राजश्व संकलन कार्य वडा कार्यालयबाट समेत संकलन गर्न मिल्ने गरी वेभमा आधारित सफ्टवेयर जडान र अपडेट लगायतका कार्य गर्न रु. ६,१५,०००।- (छ लाख) विनियोजन गर्ने निर्णय गरियो । साथै सो जडान कार्यमा क्षेत्रीय शहरी विकास आयोजना (RUDP) अन्तर्गत कार्य सम्पादनमा आधारित सामाजिक तथा आर्थिक विकास कार्यक्रम (PBSEDP) बाट रु. ३,५०,०००।- र बाँकी रकम नगरपालिकाबाट दायित्व ब्यहोर्ने गरि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

गोदावरी नगरपालिका वा.नं. २ अवस्थित सैनिक आवासीय महाविद्यालय, तेघरीले शैक्षिक सत्र २०७५ मा कक्षा ११ थपका लागी माँग भई आएको हुँदा शिक्षा शाखाबाट उक्त विद्यालयको अनुगमन तथा प्रस्तुत भएको तथ्याङ्कको आधारमा विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थीको संख्या, स्रोत र सम्बन्धित वडा समितिको अनुगमन समेतलाई आधार मानी शैक्षिक सत्र ०७५/७६ बाट लागु हुने गरि स्थानीय सरकार संचालन ऐन, २०७४ परिच्छेद ३ दफा ११ उपदफा २ को (ज) (२) अनुसार ११ कक्षा थपका लागी अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

गोदावरी नगरपालिकाबाट खरिद गरिएको एम्बुलेन्स संचालन गर्नका लागी बनेको एम्बुलेन्स संचालन कार्यविधी, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

# गोदावरी नगरपालिका
## एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका,२०७५

**प्रस्तावना**

गोदावरी नगरपालिका, कैलाली भित्र खासगरी स्वास्थ्य सेवाको पहुचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुच पुर्‍याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी गोदावरी नगरपालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम “एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७५” रहेको छ ।

(ख) यो निर्देशिका नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) “एम्बुलेन्स ” भन्नाले बिरामी आसार्ने स्विकृति प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) “एम्बुलेन्स जनशक्ति” भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) “चालक” भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) “नगरपालिका” भन्नाले गोदावरी नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) “सेवाशुल्क” भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(च) “समिति” भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(छ) “सेवा” भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :** (१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक नगर एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) नगर प्रमुख | - | संयोजक |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | - | सदस्य |
| (ग) वडाध्यक्ष वडा नं. १०, ११ र १२ | - | सदस्य |
| (घ) प्रतिनिधि, नगर रेडक्रस सोसाईटी, अत्तरिया | - | सदस्य |
| (ङ) गोदावरी स्वास्थ्य संस्था प्रमुख | – | सदस्य |
| (च) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख | - | सदस्य सचिव |

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठक भत्ता नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार :** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचारसंहिता पालन

नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगि पुनरावलोकन गर्न नपाइने ।

(च) सरोकारवाला तथा अन्य सङ्घहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ,

(छ) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(ज) चालकले अनुसुची बमोजिम सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**(५) सेवा शुल्क सम्बन्धी व्यवस्था :** (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसुची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम नगरपालिकाले एक अलग बैक खाता/कोष खडागरी त्यसमा जम्मा गर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि नगरपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता नगरपालिकामा राखीने छ ।

(४) सेवा दिएबापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(४) कोषको रकम नगर कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

**(६) चालकको नियुक्ती र सेवा सुविधा :** (१) एम्बुलेन्स सेवा संचालनका लागि नगर कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु. २ लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट वेहोरिने छ ।

(३) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (२) बमोजिम हुनेछ ।

**(७) एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार :** (१) एम्बुलेन्स गोदावरी नगरपालिका वडा नं. ११ मा रहेको गोदावरी स्वास्थ्य चौकीको हातामा रहनेछ ।

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेबारी चालकको हुनेछ ।

**(८) विविध :** (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस निर्देशिकामा आवश्यकता अनुसार संसोधन र हेरफेर समितिको सिफारिशमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूची १
## (निर्देशिकाको दफा (५) संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

| क.सं. | देखि | सम्म | दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | गोदावरी नगरपालिका | गोदावरी नगरपालिका | १० कि. मि. सम्म रु. ५००।० | |
| २. | गोदावरी नगरपालिका | गोदावरी नगरपालिका | १० कि.मि. भन्दा माथि रु.७००।० | |
| ३. | गोदावरी नगरपालिका | जिल्लाका अन्य न.पा. | प्रति कि.मी. रु. ३०।० | |
| ४. | गोदावरी नगरपालिका | कोहलपुर | ३०००/– | |
| ५. | गोदावरी नगरपालिका | नेपालगञ्ज | ३५००/– | |
| ६. | गोदावरी नगरपालिका | काठमाण्डौं | १२०००/– | |
| ७. | गोदावरी नगरपालिका | भरतपुर, चितवन | ९०००/– | |
| ८. | गोदावरी नगरपालिका | पाल्पा | ८०००/– | |
| ९. | गोदावरी नगरपालिका | बुटबल/भैरहवा | ७०००/0 | |
| १०. | गोदावरी नगरपालिका | डोटी, गैरा | २५००/– | |
| ११. | गोदावरी नगरपालिका | डोटी, सिलगढी | ४०००/– | |
| १२. | गोदावरी नगरपालिका | डडेल्धुरा | ३०००/– | |
| १३. | गोदावरी नगरपालिका | महेन्द्रनगर | ११००/– | |
| १४. | गोदावरी नगरपालिका | बनबासा | १३००/– | |
| १५. | गोदावरी नगरपालिका | खटिमा | १४००/– | |
| १६. | गोदावरी नगरपालिका | टनकपुर | १५००/– | |
| १७. | गोदावरी नगरपालिका | लखनऊ | ३५००/– | |
| १८. | गोदावरी नगरपालिका | लखिमपुर | २०००/– | |
| १९. | गोदावरी नगरपालिका | पलिया | १०००/– | |
| २०. | गोदावरी नगरपालिका | दिल्ली | १००००/– | |
| २१. | गोदावरी नगरपालिका | बरेली | ३०००/– | |
| २२. | गोदावरी नगरपालिका | पिलिभित | २३००/– | |
| २३. | गोदावरी नगरपालिका | पोलिगञ्ज | २१००/– | |
| २४. | गोदावरी नगरपालिका | सितारगञ्ज | २१००/– | |

- दुरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ ।
- एम्बुलेन्समा लाग्ने ईन्धन खर्च प्रयोग कर्ताले नै बेहोर्नु पर्नेछ । इन्धन प्रति ७ किलोमिटर बराबर १ लिटरका दरले लाग्नेछ ।
- बाटोमा लाग्ने करहरु प्रयोगकर्ताले नै बेर्होनु पर्नेछ ।
- एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगाबै कार्यालयमा बुझाउनुपर्नेछ ।

## अनुसूची २
## (निर्देशिकाको दफा ६ को उपदफा (३) सँग सम्बन्धीत)
## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७५ लाई पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गनेए क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,
६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,
७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
८. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,
९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,
१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पर्ने,
११. आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,
१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म ........................................ (नाम) ...................................... ठेगाना .................................... ना.प्र.प.नं. ...................................... जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. ............................................ ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ......................................... जिल्ला ..................... संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनार्य सही छाप गरेको छु ।

| | |
|---|---|
| **चालकको :** | **रोहबरमा प्रमाणित गर्ने व्यक्तिको :** |
| **दस्तखत :** | **दस्तखत :** |
| **मिति :** | **नाम/पद :** |
| | **मिति :** |
| | **संस्थाको छाप :** |

## अनुसूची ३
### (निर्देशिकाको दफा ८ को उपदफा (१) सँग सम्बन्धीत)
### “ग” वर्गको (Common Life Support (CLS)) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Flow Meter / Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stetcher Cum Board,
- Strethoscopre, B.P. Apparatus, Toarchlight,
- Driver With basic training in first aid and emergent medicine.